NE

# SEVEN & i Group बिजनेस पार्टनर कार्य मार्गदर्शनहरू

## I. परिचय

- **SEVEN & i Group ले कर्पोरेट सिद्धान्तमा आधारित रहेर इमान्दारीपूर्वक व्यवहार गर्ने प्रयत्न गर्छ र दिगो समाजको बोधका लागि योगदान पुर्याउँछ।**

  कर्पोरेट सिद्धान्त

  हामी हाम्रा ग्राहकहरूले विश्वास गर्ने एक इमान्दार कम्पनी बन्ने लक्ष्य राख्छौं।

  हामी हाम्रा बिजनेस पार्टनरहरू, सेयरहोल्डरहरू र स्थानीय समुदायहरूले विश्वास गर्ने एक इमान्दार कम्पनी बन्ने लक्ष्य राख्छौँ।

  हामी हाम्रा कर्मचारीहरूले विश्वास गर्ने एक इमान्दार कम्पनी बन्ने लक्ष्य राख्छौं।

- **हामी हाम्रो बिजनेस पार्टनरहरूसँग दुवैलाई फाइदा हुने सम्बन्ध निर्माण गर्न चाहन्छौं र "[2030] दीगो विकासको एजेन्डा अन्तर्गत कोही पनि पछि छाडिनेछैन" भन्ने भिजन हाँसिल गर्न योगदान पुर्याउने प्रयास गर्छौं।**

  हामी हाम्रो बिजनेस पार्टनरहरूसँग मिलेर "मानव अधिकारको सम्मान र संरक्षण", "विश्वव्यापी वातावरणको संरक्षण" र "कानुनी अनुपालन" का अवधारणाहरू प्रवर्द्धन गर्न र दीगो समाजको बोधका लागि योगदान पुर्याउन प्रयासरत छौं।

  हामी हाम्रो बिजनेस पार्टनरहरूसँग मिलेर हाम्रा ग्राहकहरूलाई सुरक्षित र विश्वसनीय उत्पादनहरू र सेवाहरू प्रदान गर्न र स्वस्थ र समृद्ध भविष्य निर्माण गर्न प्रयासरत छौं।

  हामी हाम्रो बिजनेस पार्टनरहरूसँग मिलेर कसैलाई सामाजिक रूपमा वहिष्कार गराउने सामाजिक मुद्दाहरूमा काम गर्न र यस्तो सामाजिक संरचना निर्माणको प्रचार गर्छौं जसमा कोही पनि नछुटुन्।

## II. "SEVEN & i Group बिजनेस पार्टनर दीगो कार्य मार्गदर्शनहरू" को अनुप्रयोग

**SEVEN & i Group सबै बिजनेस पार्टनरहरूले "SEVEN & i Group बिजनेस पार्टनर दीगो कार्य मार्गदर्शनहरू" बुझ्नुहोस् र यसको अनुपालन गर्नुहोस् भन्ने अनुरोध गर्दछ।**

1. सबै बिजनेस पार्टनरहरूले यस SEVEN & i Group बिजनेस पार्टनर दीगो कार्य मार्गदर्शनहरू (जसलाई यसपछि "बिजनेस पार्टनर कार्य मार्गदर्शन" भनिनेछ) बुझ्नेछन् र पालना गर्नेछन् र उनीहरूले जोबाट SEVEN & i Group मा ह्यान्डल गरिएका उत्पादनहरू खरिद गर्छन्, ती सप्लायर्सहरूले पनि बिजनेस पार्टनर कार्य मार्गदर्शनहरू बुझेका छन् भन्ने निश्चय गर्नेछन्।
2. हामी आवश्यकता अनुसार बिजनेस पार्टनरहरूले SEVEN & i Group लाई बिजनेस पार्टनर कार्य मार्गदर्शन अनुपालनको सर्तहरूको बारेमा जानकारी प्रदान गर्नहुन अनुरोध गर्छौं।
3. बिजनेस पार्टनर कार्य मार्गदर्शन उल्लंघन गरेको ठहर्ने कुनै गम्भीर कार्य, जसमा शारीरिक चोटपटक लाग्ने दुर्घटनाहरू, मानव अधिकारको दुर्व्यवहार र कानुनसँगको गैर-अनुपालन समावेश छ, यसलाई तुरुन्तै SEVEN & i Group को हरेक अपरेटिंग कम्पनीको उपयुक्त व्यक्तिलाई उजुरी गरिनेछ। यस्ता कार्यहरूसँग सम्बधित कुराहरूमा तत्काल सच्याउने तथा उपचारका व्यवस्थाहरू गरिनेछ र क्षति फैलनबाट रोक्न पहलहरू गरिनेछ, कारण पहिचान गरिनेछ र पुन:नदोहोरियोस् भनेर आवश्यक सावधानीहरू अपनाइनेछ।
4. SEVEN & i Group (जसलाई यसपछि "PB प्रोडक्ट्स" भनिनेछ) को निजी ब्राण्ड उत्पादनहरू वा सेवाहरू उत्पादन गर्न र प्रदान गर्नमा

संलग्न रहेका बिजनेस पार्टनरहरूले बिजनेस पार्टनर कार्य मार्गदर्शनहरू जस्तै खालको व्यवस्थाहरू समाविष्ट भएको नीति विकास गर्नेछन्, उक्त नीतिलाई कम्पनी भित्र र बाहिर साझा गर्नेछन्, उक्त नीतिको प्रबर्द्धन गर्न एक फ्रेमवर्क निर्माण गर्नेछन् र नीति र फ्रेमवर्क दुवै संचालन गर्ने प्रयास गर्नेछन् ।

बिजनेस पार्टनरहरूले आफ्नो कम्पनीमा समस्याहरू पहिचान गर्न, उपचार प्रदान गर्न, पहिचान गरिएको समस्या सच्याउन र पुन: नदोहोरियोस् भनेर सावधानीहरू अपाउन वास्तविक अवस्थाहरूको आवधिक जाँच गर्नेछन् ।

5. यदि मानव अधिकारको उल्लंघन र बिजनेस पार्टनर कार्य मार्गदर्शनसँगको गैर-अनुपालन गर्ने कुनै गम्भीर कार्य फेला परेमा अस्थायी रूपमा कारोबारहरू निलम्बन गर्न सकिन्छ वा करारको अन्त्य गर्न सकिन्छ । त्यस्तो अवस्थामा, कुनै क्षति नै भएको अवस्थामा पनि SEVEN & i Group र यसको अपरेटिंग कम्पनीहरूद्वारा कुनै पुनर्स्थापना वा क्षतिपूर्ति दिइने छैन ।

## III. SEVEN & i Group बिजनेस पार्टनर दीगो कार्य मार्गदर्शनहरू

### 1. मानव अधिकारको सम्मान र संरक्षण

**आफ्नो व्यावसायिक गतिविधिमा संग्लन सबै व्यक्तिहरूको मानव अधिकार उच्च प्राथमिकताका साथ सम्मान र संरक्षण गरिनेछ र उत्पादकत्व सुधार गर्ने प्रयास गर्दा विश्वासिलो सम्बन्ध स्थापित गरिनेछ ।**

1. "मानव अधिकारको अन्तर्राष्ट्रिय बिल" र "आधारभूत सिद्धान्तहरू तथा कार्यस्थानमा अधिकारहरू सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को घोषणा" जस्ता अन्तर्राष्ट्रिय घोषणापत्रलाई सम्मान गरिनेछ ।
2. मानव अधिकारको उल्लंघनमा कुनै प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहनेछैन ।
3. यदि कुनै देश वा क्षेत्रको कानुन र नियमहरूमा मानव अधिकारलाई पर्याप्त रूपमा संरक्षण गरिएको छैन भने "मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा" र "आधारभूत सिद्धान्तहरू तथा कार्यस्थानमा अधिकारहरू सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को घोषणा" लगायतका अन्तर्राष्ट्रिय घोषणापत्रहरूको मापदण्डमा आधारित रहेर संरक्षण खोजिनेछ ।
4. व्यापारिक कारणका लागि मानव अधिकारको सम्मान र संरक्षण वेवास्ता गरिने छैन ।
5. यदि कुनै मावन अधिकारको उल्लंघन फेला परेमा त्यस्ता कामदारहरूलाई उपचार लागू गरिनेछ ।
6. मानव अधिकारको सम्मान गर्न र संरक्षण गर्ने प्रयोजनका लागि नीतिहरूको गठन, प्रणालीहरूको निर्माण, तालिमको कार्यान्वयन र आन्तरिक रिपोर्टिंग प्रणालीको विकास आदि गरिनेछ ।

### 2. कानुनी अनुपालन

1. हरेक देश र क्षेत्रको प्रचलित कानुनको व्यवस्था र मर्म र प्रासंगिक अन्तर्राष्ट्रिय नियमहरूको पालना गरिनेछ ।
2. कानुनी अनुपालनको उदेश्यका लागि नीतिहरूको गठन, प्रणालीहरूको निर्माण, तालिमको कार्यान्वयन र आन्तरिक रिपोर्टिंग प्रणालीको विकास आदि गरिनेछ ।

### 3. बालश्रम मुक्त र युवा कामदारहरूको सुरक्षा

स्वस्थ **र दीगो समाजको विकासका लागि बालबालिकाको शिक्षा महत्त्वपूर्ण छ र** बालश्रमले यस्तो **अवसरबाट बालबालिकालाई बन्चित राख्ने भएकाले बालश्रमलाई निर्मूल पारिनेछ । युवा कामदारहरूसँग सामाजमा घुल्ने पर्याप्त अनुभव** नहुने भएकाले **उनीहरूलाई पूर्ण रूपमा सुरक्षा दिइनेछ ।**

1. रोजगारको बेलामा कामदारको उमेर कति छ भनेर प्रमाणीकरण गरिनेछ ।

2. अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को सन्धि र प्रचलित स्थानीय कानुन अन्तर्गत प्रतिबन्ध लगाइएको बाल श्रमको प्रयोग हुनेछैन। *आईएलओ सन्धिले स्पष्ट पार्छ कि कामदारहरू अनिवार्य शिक्षा पढ्ने उमेर भन्दा कम उमेरको हुनेछैनन् र जुनसुकै अवस्थामा कम्तीमा पनि 15 वर्षको हुनुपर्छ। (यद्यपि, यसमा अपवाद छ कि खतरनाक कार्यस्थलमा काम गर्ने कामदारहरू कुनै पनि देशमा कम्तीमा पनि 18 वर्षको हुनुपर्छ वा सङ्क्रमणकालीन अवस्थामा रहेका विकासशील राष्ट्रहरूको हकमा कम्तीमा 14 वर्षको हुनुपर्छ, र हल्का कार्य वा सजिलो कार्यको रोगजार कोटीमा अर्को अपवाद पनि छ।)
3. 18 वर्ष मुनिका कामदारहरूलाई रातमा र/वा खतरनाक कार्यस्थलमा काममा लगाइने छैन।

## 4. जबर्जस्ती श्रममा लगाइने छैन

**कर्मचारीहरू आफ्नो इच्छा अनुरुपको काममा संलग्न हुनेछन् र कसैलाई जबर्जस्ती श्रममा लगाइने छैन। कामदारको इच्छा बिना श्रम वा सेवामा लगाउने र कामदारलाई** सजायको डर देखाएर **जबर्जस्ती श्रम गर्न बाध्य पार्ने कार्य प्रतिबन्धित श्रम अभ्यासमा पर्छन्।**

1. जबर्जस्ती श्रममा लगाउने, बन्धक बनाएर श्रममा लगाउने र जबर्जस्ती दासको रूपमा श्रममा लगाउने कार्य उन्मुलन गरिनेछ।
2. कामदारहरूलाई धरौटीको रूपमा पैसा जम्मा गर्न वा उनीहरूको परिचयपत्रको सक्कली कागजात बुझाउन बाध्य परिने छैन।
3. कामदारहरूले आफ्नो स्वतन्त्र इच्छा अनुसार काम छोड्न सक्नेछन् भन्ने सुनिश्चित गरिनेछ।
4. कामदारहरू काम गर्ने समय सकिएपछि कार्यस्थल छोड्न सक्छन् र कामदारको सहमति बिना ओभरटाइम काममा लगाइने छैन भन्ने सुनिश्चित गरिनेछ।
5. सुरक्षा क्यामेरा र सुरक्षा कर्मचारीहरूको प्रयोग अपराध रोकथाम, सूचना व्यवस्थापन र पेशागत सुरक्षा व्यवस्थापनका लागि मात्र लक्षित हुनेछ र कर्मचारीहरूको निगरानी गर्न प्रयोग हुनेछैन।

## 5. न्यूनतम ज्यालाको भुक्तानी

**चुनौतीपूर्ण र मानवीय कामको अवसर प्रदान गर्नका लागि पहलहरू गरिनेछ र पूर्ण र सुसंस्कृत जीवन सुनिश्चित गर्नका लागि पर्याप्त ज्याला भुक्तानी गरिनेछ। बाल श्रम निर्मूल गरेर समाजमा स्थिरता ल्याउन योगदान पुर्याउनको लागि न्यूनतम ज्याला कायम गरिनेछ।**

1. कामदारहरूलाई प्रचलित कानुनमा उल्लेखित वा उद्योग अनुसार वा त्यो भन्दा बढी न्यूनतम ज्याला भुक्तानी गरिनेछ। जुन बढी हुन्छ त्यो लागू हुनेछ र भुक्तानी गरिनेछ।
2. ओभरटाइम भत्ता प्रदान गरिनेछ र यो कानुनी दर बराबर वा सो भन्दा बढी हुनेछ।
3. कर्मचारीहरूलाई कानुन अनुसार आवश्यक पर्ने सबै भत्ता र कर्मचारी लाभहरू प्रदान गरिनेछ।
4. हरेक देश र क्षेत्रमा कामदारहरूलाई खाना पुग्ने गरी र स्तरीय तहमा जीवन बिताउन पुग्ने गरी विवेकसंगत तरिकाले पर्याप्त ज्याला दिइनेछ।
5. रोजगारका सर्तहरू बारे जानकारी लिखित रूपमा सहजै बुझ्न सकिने खालको हुनेछ र जुनसुकै बेला पनि उपलब्ध हुनेछ।
6. हरेक पटकको भुक्तानीको समयमा कर्मचारीहरूलाई उनीहरूले भुक्तानी पाउने काम गरेको घण्टा र छुट्याएको ज्याला देखाइनेछ।
7. ज्याला सही ढंगले हिसाब गरिनेछ र त्यसको प्रमाण प्रस्तुत गरिनेछ।

## 6. दुरुपयोग, दुर्व्यवहार, भेदभाव र सजायको उन्मूलन

**कुनै पनि प्रकारको दुरुपयोग, दुर्व्यवहार, भेदभाव र सजायको उन्मूलन गरिनेछ र मानवीय र चुनौतीपूर्ण कार्य वातावरणको प्रवर्द्धन गर्न पहल गरिनेछ। भेदभावले कार्य अवसरहरू अनावश्यक रूपमा गुम्ने र आधारभूत मानवअधिकारको उल्लंघन मात्रै नभएर यसले समाजलाई योगदान पुर्याउन सक्ने सम्भावित मानव स्रोतको आस्तित्वलाई पनि अस्वीकार गर्छ, जसले गर्दा महत्त्वपूर्ण सामाजिक घाटा हुन्छ।**

1. कुनै पनि शारीरिक वा मानसिक दुर्व्यवहार, धम्कीपूर्ण दुर्व्यवहार वा शक्तिको दुरुपयोग, यौन दुर्व्यवहार र अन्य दुर्व्यवहारहरू गर्न प्रतिबन्ध लगाइनेछ र

रोकथामका उपायहरू अपनाइनेछ।

2. जात, छालाको रंग, लिंग, धर्म राजनीतिक आस्था, जन्म स्थान, सामाजिक मूल, उमेर, अशक्तता, एचआईभी/एड्स संक्रमण, श्रम संगठनको सदस्यता, लैंगिक पहिचान, वा अन्य आधारमा हुने भेदभाव उन्मूलन र मनाही गर्न यथासक्य प्रयास गरिनेछ र रोजगारी, क्षतिपूर्ति, पदोन्नति, सरुवा, निष्कासन वा राजिनामामा समान अवसर प्रदान गरिनेछ।
3. कुनै दुरुपयोग, दुर्व्यवहार, भेदभाव वा सजाय गरेको फेला पर्यो भने त्यस्तो कामदारलाई उपचार प्रदान गरिनेछ।
4. स्थानीय कानुनले खुलाएको हदसम्म आर्थिक जरिवाना गराइनेछ। अनुशासनात्मक कारवाही र जरिवानाको रकम कानुनले अनुमति दिएको हदसम्म र कर्मचारीलाई उनीहरूको जीवन जिउनबाट वन्चित नगर्ने हदसम्म निर्धारण गरिनेछ। यी विषयहरू श्रम नियमावली वा अन्य नियमहरूमा स्पष्ट रूपमा खुलाइनेछ र सबै कर्मचारीहरूले राम्रोसँग बुझ्नेछन्।

## 7. रोजगार र कामदारहरूको सुरक्षा

**व्यावसायिक गतिविधिहरूमा संलग्न सबै व्यक्तिहरूको मानव अधिकारको संरक्षण, सुरक्षा र स्वास्थ्य ध्यानमा राख्दै स्वच्छ, कार्यात्मक, चुनौतीपूर्ण र मानवीय कार्य वातावरणमा काममा लगाइनेछ।**

1. रोजगारी दिंदा कामदारसँग प्रचलित स्थानीय कानुन अनुसार उपयुक्त श्रम करार गरिनेछ।
2. काम गर्ने समय, विश्रामको समय र छुट्टी प्रचलित स्थानीय कानुन अनुसार वा उद्योगमा स्थापित मापदण्ड अनुसार, जुन कामदारहरूका लागि फाइदाजनक हुन्छ त्यही निर्धारण गरिनेछ।
3. कामदारको सहमति बिना ओभरटाइम काम गर्न आवश्यक हुने छैन।
4. अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को सिफारिसको आधारमा कार्य समयको मानक हाँसिल गर्न पहलहरू गरिनेछ।
   *आईएलओ "कार्य सिफारिसको कार्य समयमा कमी, 1962" (कृषि, ढुवानी, र समुद्री माछा मर्ने उद्योगमा संलग्न कामदारहरू बाहेकका लागि)
   - हप्ताको चालिस घण्टाको सिद्धान्त सामाजिक मानकको रूपमा हाँसिल गरिनेछ।
   - घटाइएको कामको अवधिको लागि कामदारहरूको ज्याला कटौती गरिनेछैन।
   - सामान्य काम गर्ने हप्ताको अवधि अठचालिस घण्टा भन्दा बढी भएको ठाउँमा 48 घण्टाको स्तरमा ल्याउनका लागि तत्काल कदमहरू चालिनु पर्छ।
5. स्थानीय कानुन अन्तर्गत रहेर स्वविवेकमा कामदारहरूले श्रम युनियन बनाउन सक्छन् र श्रम युनियनको सदस्यता लिन सक्छन् भन्ने सुनिश्चित गरिनेछ।
6. श्रम युनियन बनाउने, श्रम युनियनको सदस्य बन्ने, र कर्मचारी भर्ती गर्ने, कर्मचारीको पदोन्नति, निष्कासन वा सरुवा गतिविधिहरूको सम्बन्धमा भेदभाव निषेध गर्नका लागि नीतिहरू र कार्यविधिहरू विकास गरिनेछ।
7. रोजगारदाता, श्रम युनियन र कामदारहरूको प्रतिनिधि मिलेर खुला रूपमा मुद्दाहरूको छलफल गर्नेछन् र सबैलाई अनुकूल हुने सन्तुष्टिजनक सहमतिमा आउनेछन् र रोजगारदाता-कर्मचारीको सम्बन्ध स्थापित गर्नेछन् जसले राम्रोसँग काम गर्छ।
8. कार्यस्थलको भवन र उपकरणहरू र कामदारहरूलाई प्रदान गरिएको निवासमा कर्मचारीहरूको सुरक्षा प्रत्याभूति गर्नका लागि पर्याप्त मापदण्ड अनुसार छन् र भवनको मापदण्डसँग सम्बन्धित स्थानीय कानुन र नियमावलीहरू पूरा गरिएको छ र भवनहरू राम्रोसँग जाँच गरिएका छन् र परीक्षणमा सफल भएका छन् भन्ने सुनिश्चित गरिनेछ।
9. कामदारहरूलाई उपलब्ध गराइएको कार्यस्थल र निवासमा स्थानीय कानुन र नियमावलीमा तय गरिएको मापदण्ड पूरा गरेका आकस्मिक ढोका, भवन खालि गर्ने मार्ग र संकेतहरू हुनेछन् र आवधिक जाँच र भवन खालि गर्ने प्रशिक्षणहरू संचालन गरिनेछ।
10. कामदारहरूका लागि स्वस्थ शौचालय र खानेपानी उपलब्ध हुनेछ र कार्य समयको बेलामा त्यसको प्रयोगमा कुनै रोकावट गरिनेछैन।
11. कामदारहरूलाई उनीहरूको काममा आवश्यक पर्ने सामग्रीहरू प्रदान गरिनेछ जसमा व्यक्तिगत सुरक्षा उपकरण, कसरी काम गर्ने भन्ने निर्देशनहरू र प्रशिक्षण समावेश हुनेछ।
12. रसायनहरू उचित तरिकाले चलाइने र भण्डारण गरिनेछ र दुर्घटना हुन नदिनका लागि पहलहरू गरिनेछ र दुर्घटना भइहालेमा क्षति फैलन नदिनका लागि पहलहरू गरिनेछ।
13. कर्मचारीको लाभसँग सम्बन्धित कानुनहरूको पालना गरिनेछ र कुनै अनावश्यक चिन्ता बिना कामदारहरूलाई काम गर्न दिने खालको कर्मचारी लाभ कार्यक्रम निर्माण गर्न खोजिनेछ।

## 8. विश्वव्यापी वातावरणको संरक्षण

**हरेक पक्षमा विश्वव्यापी वातावरणलाई ध्यानमा राखेर व्यावसायहरू संचालन गरिनेछ, जस्तै कच्चापदार्थको खरिद, उत्पादन र वितरण कार्य दीगो समाज विकास गर्नमा योगदान पुर्याउने गरी गरिनेछ।**

1. हरेक देश र क्षेत्रमा वातावरणीय कानुन, नियमावलीहरू र अन्तर्राष्ट्रिय सन्धिहरू पालन गरिनेछ।
2. अन्तर्राष्ट्रिय सन्धि वा स्थानीय कानुन अन्तर्गत वा SEVEN & i Group का अपरेटिङ कम्पनीहरूद्वारा प्रतिबन्धित रासायनिक पदार्थहरूको प्रयोग गरिनेछैन।
3. वातावरणीय प्रदूषण हुन नदिनका लागि फोहोर, निकास र फोहोर पानी उचित तरिकाले व्यवस्थित गरिनेछ।
4. व्यवसायले वातावरणमा गर्ने प्रभावको बारेमा उचित बुझाइ राखिनेछ।
5. जैविक विविधताको महत्त्वलाई पहिचान गरिनेछ र जैविक विविधताको संरक्षण गरिनेछ।
6. SEVEN & i Group को अपरेटिङ कम्पनीहरूबाट PB प्रोडक्ट्स संचालन गर्ने बिजनेस पार्टनरहरूले यसको "हरियाली चुनौती (ग्रीन च्यालेन्ज), 2050" अन्तर्गत समूहको उदेश्यहरू प्राप्त गर्न समन्वय गर्नेछन्।
   - $CO_2$ उत्सर्जन कम गर्ने
   - 2050 सम्ममा मौलिक उत्पादनको प्याकेजिङका लागि 100 प्रतिशत वातावरण-मैत्री सामग्रीहरूको (बायोमास, जैविक रूपमा कुहिने र रिसाइकल गरिएका सामग्री, कागज आदि) प्रयोग हाँसिल गर्ने
   - 2050 सम्ममा 100 प्रतिशत खेर गएको खानेकुरा रिसाइकल गर्ने उदेश्य हाँसिल गर्ने
   - 2050 सम्ममा मौलिक खाद्य उत्पादनको लागि दीगो कच्चा पदार्थको प्रयोग 100 प्रतिशत हाँसिल गर्ने
7. वातावरण-मैत्री प्रविधिहरू विकास गर्न र प्रवर्द्धन गर्नमा पहलहरू गरिनेछन् र त्यस्ता प्रविधिहरू सक्रिय रूपमा लागू गरिनेछन्।

## 9. गोप्य सूचना चुहावटको रोकथाम र सूचना व्यवस्थापन

**सूचना सम्पत्तिहरू "गोप्य", "पूरा" र "उपलब्ध" राखिनेछ र जानीजानी गरिने कार्यबाट वा लापरबाहीले गर्दा चुहावट हुन, चोरी हुन, कीर्ते गरिन र क्षति पुग्नबाट सुरक्षा दिइनेछ।**

1. सूचनाको सुरक्षा कायम गर्न र व्यवस्थापन गर्न एक व्यवस्थित फ्रेमवर्क स्थापना गरिनेछ र त्यसको भूमिका र जिम्मेवारी निर्धारण गरिनेछ।
2. सबै सूचना व्यावसायिक उदेश्य हाँसिल गर्ने प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ र अन्य प्रयोजन, व्यक्तिगत प्रयोगको लागि वा अरुले प्रयोग गर्न निषेध गरिनेछ।
3. सूचना सुरक्षासँग सम्बन्धित नियमावलीहरूले बनाइनेछ र कायम गरिनेछ, र सबै कर्मचारीहरूलाई आवधिक शिक्षाका अवसरहरू र प्रशिक्षण प्रदान गरिनेछ।
4. सूचनाको सुरक्षासँग सम्बन्धित घटना वा दुर्घटनाको विरुद्धमा तयारीका लागि तुरुन्तै प्रभावकारी कदम लिनका लागि एक फ्रेमवर्क स्थापना गरिनेछ र कार्यविधि पनि विकसित गरिनेछ
5. प्रकोप, दुर्घटना वा अन्य घटनाको तयारीको लागि एक व्यवसायिक निरन्तरता कार्यक्रम बनाइनेछ र सूचनाको सुरक्षा सुनिश्चित गरिनेछ।
6. सूचनाको सुरक्षासँग सम्बन्धित कानुन, नियमावली र करारका दायित्वहरू अवलोकन गरिनेछ।
7. सूचनाको सुरक्षासँग सम्बन्धित नियमावलीहरू पालना गरेको पुष्टि गर्नका लागि स्व-जाँच र आन्तरिक लेखापरीक्षणहरू गरिनेछ र सूचनाको सुरक्षा सुनिश्चित गर्नको लागि व्यवस्थापनका उपायहरूको व्यवहारिकता र प्रभावकारीता प्रमाणित गरिनेछ र पहिचान गरिएका समस्याहरू सच्याइने छ।
8. सूचना चुहावट, कर्मचारीहरूले सामाजिक संजालको प्रयोगले गर्दा हुनसक्ने मानव अधिकार दुरुपयोग र अवैध कार्यको रोकथाम गर्न सामाजिक संजालको लागि नियम बनाइनेछ र प्रशिक्षणमार्फत कर्मचारीहरूले यसबारे बुझ्नेछन्।

## 10. व्यक्तिगत जानकारीको व्यवस्थापन

**व्यक्तिगत जानकारीको सुरक्षा व्यवसायको अवधिमा पूरा गर्नुपर्ने एक मुख्य मुद्दा हो र यसलाई सबै कार्यकारीहरू र कर्मचारीहरूले** पूरा **गर्नुपर्ने दायित्वका रुपमा लिइनेछ। सबै कार्यकारीहरू र कर्मचारीहरूले आफ्नो कार्य उचित ढंगले गरिरहेका छन् भन्ने सुनिश्चित गरिनेछ।**

1. उल्लेख गरिएको प्रयोजन बाहेक व्यक्तिगत जानकारी अन्य प्रयोजनका लागि प्रयोग गरिनेछैन र प्रयोग गर्न मिल्ने प्रयोजन बाहेक अन्य प्रयोजनको लागि व्यक्तिगत जानकारी प्रयोग गर्दा व्यक्तिको सहमति आवश्यक पर्छ।
2. व्यक्तिगत जानकारीको सुरक्षा गर्न एक व्यवस्थित फ्रेमवर्क स्थापना गरिनेछ र त्यसको भूमिका र जिम्मेवारी निर्धारण गरिनेछ।
3. कानुन र नियमावलीहरूलाई पालना गर्दै व्यक्तिगत जानकारीहरू उचित तरिकाले प्राप्त गरिनेछ, व्यवस्थित गरिनेछ, प्रयोग गरिनेछ र प्रदान गरिनेछ।
4. कुनै घटना वा दुर्घटनाले गर्दा व्यक्तिगत जानकारी चुहावट भएमा SEVEN & i Group को अपरेटिङ कम्पनीहरूको सान्दर्भिक इन्स्टिच्युसनहरू र उपयुक्त व्यक्तिहरूलाई तत्काल जानकारी गराइनेछ र क्षति फैलन नदिनका लागि आवश्यक उपायहरू अपनाइनेछ।

## 11. गुणस्तर नियन्त्रण र नैतिक प्रतिक्रिया

**समाजमा मानिसहरूलाई समृद्ध र स्वस्थ भएर बाँच्ने बनाउनका लागि सुरक्षा** विश्वसनीयता**, नवीनता र उच्च गुणस्तरको खोजी गरिनेछ र ग्राहकहरूलाई सन्तुष्टिजनक उत्पादन र सेवाहरू प्रदान गर्नका लागि प्रयासहरू गरिनेछ। अन्तिम ग्राहकलाई सुरक्षित, विश्वसनीय र नैतिक उत्पादन पुर्याउनका लागि SEVEN & i Group को उपयुक्त अपरेटिङ कम्पनीहरूको गुणस्तरको मापदण्ड पालना गरिनेछ र तल तय गरिएका विषयहरू खोजिनेछ:**

1. मानव अधिकारको सम्मान र सुरक्षा गर्ने, उपचार प्रदान गर्ने, रोजगारी वा कार्य वातावरणमा विशेष होसियारीपूर्ण ध्यान दिने, र विश्वव्यापी वातावरण संरक्षण गर्ने दायित्वहरू कच्चा पदार्थ खरिद गर्दा, उत्पादन गर्दा, ढुवानी गर्दा, अन्तिम ग्राहकलाई प्रदान गर्दा र उत्पादनहरू र सेवाहरू प्रदान गर्नका लागि फोहोर डिस्पोज गर्ने प्रक्रियामा पूरा गरिनेछ।
2. उत्पादन हुने देश र बिक्री हुने देशमा निर्धारण गरिएका गुणस्तर र लेबलिङका मापदण्डहरू अवलोकन गरिनेछ।
3. उत्पादन र सेवाहरू ग्राहकको दृष्टिकोणबाट विकास र प्रदान गरिनेछ र अन्तिम ग्राहकहरूलाई सन्तुष्ट पार्नका लागि पर्याप्त रूपमा उत्पादन वा सेवाहरूको गुणस्तर सुधार गर्ने पहलहरू गरिनेछ।
4. उत्पादन र सेवाहरूको विकास र व्यवस्थाको बारेमा उच्च नैतिकता सहित कानुन र सामाजिक मान्यताहरूको अवलोकन गरिनेछ।
5. अन्तिम ग्राहकहरूलाई उत्पादन वा सेवाको बारेमा उचित र बुझ्ने तरिकाले आवश्यक जानकारीहरू प्रदान गरिनेछ।
6. बालबालिका लक्षित र उनीहरूले प्रयोग गर्नसक्ने उत्पादन वा सेवाहरू सुरक्षित छन् र उनीहरूका लागि मानसिक, नैतिक वा शारीरिक रूपमा हानिकारक छैनन् भन्ने सुनिश्चित गरिनेछ।

## 12. स्थानीय र अन्तर्राष्ट्रिय समुदायहरूसँगको सम्बन्ध

**व्यवसाय संचालन गरिने देश र क्षेत्रको मानव अधिकार, वातावरण, संस्कृतिहरू, धर्महरू र परम्परा आदि सम्मान गरिनेछ र दीगो समाजको विकास**को लागि कार्य गरिनेछ**।**

1. संवाद मार्फत अन्तर्राष्ट्रिय र स्थानीय समुदायका विभिन्न सामाजिक मुद्दाहरूको बुझाइ हाँसिल गरिनेछ र समन्यव, सहकार्य र व्यवसाय संचालनसँगै अन्य तरिकाले यी मुद्दाहरूको समाधानमा योगदान पुर्याइनेछ।
2. स्थानीयवासीहरूको ज्यान खतरामा पार्ने र उनीहरूको स्वास्थ्यमा हानी पुर्याउने व्यावसायिक गतिविधिहरू संचालन गरिनेछैन।
3. संगठित अपराध गर्ने समूहहरू, संगठित अपराध गर्ने समूहका सदस्यहरू, संगठित अपराध गर्ने समूहसँग सम्बन्धित कम्पनीहरू र समूहहरू, कर्पोरेट गिरोहहरू, सामाजिक अभियान वा राजनीतिक गतिविधिको आवरणमा आपराधिक गतिविधिमा संलग्न समूहहरू र बौद्धिक अपराधमा संलग्न नामुद

आपराधिक समूहहरू वा असामाजिक शक्तिहरूलाई कोश वा लाभहरू प्रदान गर्ने अन्य व्यक्तिहरू वा समूहहरूसँग कुनै सम्बन्ध रहने छैन।

4. असामाजिक शक्तिहरूसँग कुनै पनि सम्बन्ध नराख्न उपायहरू अपनाइनेछ, र बिजनेस पार्टनरका सप्लायर्सहरूले कारोबार गर्ने सबै कम्पनीहरू असामाजिक शक्ति होइनन् भन्ने पुष्टि गरिनेछ। प्रत्येक करारमा असामाजिक शक्तिहरूको उन्मुलन गर्नेसँग सम्बन्धित व्यवस्थाहरू समावेश गरिनेछ।

## 13. भ्रष्टाचार विरोधी र निष्पक्ष व्यावसायिक अभ्यासहरू

**कारोबारहरू निष्पक्ष, पारदर्शी र उचित ढंगले, साथै खुला प्रतिस्पर्धा अन्तर्गत रहेर संचालन गरिनेछ। राजनीतिक निकाय र सरकारी निकायहरूसँग उचित र स्वस्थ सम्बन्धहरू कायम गरिनेछ।**

1. ब्ल्याकमेलिङ र घुस लिने जस्ता कुनैपनि प्रकारको भ्रष्टाचारमा संलग्नता रहनेछैन।
2. कुनै पनि उपहार, कोश, रिवार्ड, क्षतिपूर्ति, वा अन्य लाभहरू जसबाट ठगी, अवैध कार्य वा विश्वासको उल्लंघन हुनजान्छ, त्यसलाई व्यावसायको दौरानमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरिने वा प्राप्त गरिनेछैन।
3. भ्रष्टाचार विरोधका लागि नीतिहरू र प्रशिक्षण प्रणालीहरू विकास गरिनेछ।
4. खुला र निष्पक्ष प्रतिस्पर्धाको सम्मान गरिनेछ र एकाधिकार विरोधी ऐन र आन्तरिक नियमहरू जस्ता उपयुक्त कानुन र नियमावलीहरूको पालना गरिनेछ।
5. स्वस्थ व्यावसायिक अभ्यास अन्तर्गत उपयुक्त नियम र सर्तहरूमा रहेर कारोबार संचालन गरिनेछ र कुनै व्यक्तिगत लाभ वा फाइदा स्वीकार गरिनेछैन।
6. स्वदेशी वा विदेशी अधिकारीहरू वा सोही अनुसारका अन्य व्यक्तिहरूलाई राजनीतिक योगदानहरू, उपहारहरू, मनोरन्जन वा आर्थिक लाभ प्रदान गर्दा हाम्रा बिजनेस पार्टरहरूले हरेक देशको नियम र कानुनहरू पालना गर्नेछन् र राजनीतिक निकायहरू र सरकारी निकायहरूसँग उपयुक्त सम्बन्ध कायम गर्नेछन्।

## 14. बौद्धिक सम्पत्तिको सुरक्षा

1. आफ्नो कम्पनीसँग रहेको बौद्धिक सम्पत्तिको अधिकार सुरक्षित गरिनेछ र कुनै तेस्रो पक्षले त्यसको उल्लंघन गर्नबाट जोगाउन हेरविचार गरिनेछ।
2. कुनै पनि अधिकारको उल्लंघनमा संग्लनता रहनेछैन, उदाहरणको लागि, बौद्धिक सम्पत्तिको अनाधिकृत प्राप्ती वा प्रयोग, जस्तै तेस्रो पक्षको प्याटेन्टहरू, युटिलिटी मोडलहरू, डिजाइनहरू, ट्रेडमार्कहरू र ट्रेड सेक्रेटहरू, सफ्टवेयरको अनाधिकृत प्रयोग र विविध मिडिया मार्फत पुस्तक र सूचनाको अनाधिकृत प्रतिलिपि बनाउनु आदि।

## 15. निर्यात र आयात व्यवस्थापन

1. उत्पादन र कच्चा पदार्थको आयात र निर्यातसँग सम्बन्धित सबै उपयुक्त कानुनहरू र नियमावलीहरू पालना गरिनेछ।
2. अन्तर्राष्ट्रिय आर्थिक नाकाबन्दी लागेका राष्ट्रहरू, क्षेत्रहरू, संस्थाहरू वा व्यक्तिहरूसँग उत्पादनहरू र कच्चा पदार्थहरू वा श्रमिकको ज्यालाको लागि कोश र सामानको व्यवस्थासँग सम्बन्धित कुनै पनि सम्बन्ध रहने छैन।

## 16. आन्तरिक रिपोर्टिंग प्रणालीहरूको विकास

**कम्पनी भित्र वा बाहिरबाट रिपोर्ट गरिएका संस्था वा व्यक्तिले गरेको ठगी, ठगीसँग सम्बन्धित परामर्शहरूसँग जोडिएका विषयसँग उचित तरिकाले जुध्नका लागि एक फ्रेमवर्क स्थापित गरिनेछ र सक्रिय रूपमा मानव अधिकारको उल्लंघनहरू र ठगी रोक्नका लागि पहलहरू गरिनेछ, त्यसको छिटै पहिचान गरिनेछ र सच्याइनेछ, र मानव अधिकारको संरक्षण र कायम गरेर र पालना गरेर सुनिश्चित गरिनेछ।**

## 17. प्रकोपको लागि तयार रहने

**प्रक्रोपको विरुद्ध तयारीको लागि, उच्च प्राथमिक**तामा रहेको **कर्मचारीहरू र स्थानीयवासीहरूको सुरक्षा सुनिश्चित गर्न र क्षति न्यूनीकरण गर्न**

**अग्रसक्रिय उपायहरू लागू गरिनेछ। व्यवसायको सम्पत्तिमा क्षति न्यूनीकरण गर्न र व्यावसायिक अपरेसनहरू जारी राख्न वा साधारण व्यावसायिक अपरेसन छिटै पूर्वावस्थामा ल्याउन एक व्यवसायिक निरन्तरता योजना सिर्जना गरिनेछ र यो योजनाको समीक्षा गर्न आवधिक सिम्युलेसनहरू गरिनेछ।**

## 18. आपूर्ति शृंखलामा विकास

**हाम्रो बिजनेस पार्टनरहरूले प्रयास गर्नेछन् कि बिजनेस पार्टनरका सप्लायर्सहरूले बिजनेस पार्टनर कार्य मार्गदर्शन बुझुन् र यस अनुरूप कार्य गरुन्, र समयसमयमा आवश्यक परे अनुसारको सहायता प्रदान गर्नेछन् र सच्याउने कार्य गर्नेछन्।**

## 19. अनुगमन

**अनुगमन "हाम्रो ग्राहकहरूलाई सुरक्षा** र विश्वसनीयता **प्रदान गर्न", "बिजनेस पार्टनरसँग दुवैलाई फाइदा हुने सम्बन्ध कायम गर्न" र "बिजनेस पार्टनर कार्य मार्गदर्शन प्रवर्धन गर्नको लागि" लक्षित छ। हामी हाम्रो बिजनेस पार्टनरहरूलाई अनुगमनमा सहायता गर्न इमान्दारीपूर्वक अनुरोध गर्छौं।**

1. बिजनेस पार्टर कार्य मार्गदर्शन पालना गरे नगरेको पुष्टि गर्नको लागि अनुगमन गरिएको खण्डमा, बिजनेस पार्टरहरूले समन्वय गर्नेछन्।
2. उनीहरूले बिजनेस पार्टनर कार्य मार्गदर्शनहरू पालना गरेको समर्थन गर्ने प्रमाणिक दस्तावेजहरू र कार्यसम्पादन रेकर्डहरूको उचित तयारी र रेखदेख। यदि SEVEN & i Group ले अनुरोध गरेमा त्यस्ता कागजातहरू खुलासा गरिनेछ र साझा गरिनेछ।
3. अनुगमन मार्फत बिजनेस पार्टनर कार्य मार्गदर्शन अनुपालन नगरेको पाइएमा सच्याउन र संशोधन गर्न उपायहरू लगाइनेछ।

मार्च 2007 मा तैयार गरिएको
अप्रिल 2017 मा संशोधन गरिएको
डिसेम्बर 2019 मा संशोधन गरिएको